बैठक नं : २२

आज मिति २०७५ साल, असोज ०१ गतेका दिन विहान ११.०० वजे भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्तीज्यूको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसारका निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | भेरी न.पा. ६, जाजरकोट | |
| २ | श्री भावना भण्डारी | नगर उप प्रमुख | भेरी न.पा. ३, जाजरकोट | |
| ३ | श्री दिपक राना | वडा अध्यक्ष | भेरी न.पा. १ जाजरकोट | |
| ४ | श्री कालि वहादुर वली | वडा अध्यक्ष | भेरी न.पा. २ जाजरकोट | |
| ५ | श्री लिला वहादुर शाह | वडा अध्यक्ष | भेरी न.पा. ३ जाजरकोट | |
| ६ | श्री खम्व जंग शाह | वडा अध्यक्ष | भेरी न.पा. ४ जाजरकोट | |
| ७ | श्री श्याम लाल जैसी | वडा अध्यक्ष | भेरी न.पा. ५ जाजरकोट | |
| ८ | श्री शसिराम वुढा | वडा अध्यक्ष | भेरी न.पा. ६ जाजरकोट | |
| ९ | श्री चन्द्र वहादुर शाही | वडा अध्यक्ष | भेरी न.पा. ७ जाजरकोट | |
| १० | श्री कर्ण वहादुर कार्की | वडा अध्यक्ष | भेरी न.पा. ८ जाजरकोट | |
| ११ | श्री ध्रुव प्रसाद पौडेल | वडा अध्यक्ष | भेरी न.पा. ९ जाजरकोट | |
| १२ | श्री ठकेन्द्र वहादुर राना | वडा अध्यक्ष | भेरी न.पा. १० जाजरकोट | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | वडा अध्यक्ष | भेरी न.पा. ११ जाजरकोट | |
| १४ | श्री निम वहादुर भनारी | वडा अध्यक्ष | भेरी न.पा. १२ जाजरकोट | |
| १५ | श्री गोपाल वहादुर वटाला | वडा अध्यक्ष | भेरी न.पा. १३ जाजरकोट | |
| १६ | श्री पार्वती वि.क. | नगर कार्यपालिका सदस्य | भेरी न.पा. १० जाजरकोट | |
| १७ | श्री बिन्दु शाही | नगर कार्यपालिका सदस्य | भेरी न.पा. २ जाजरकोट | |
| १८ | श्री बिर वहादुर वादी | नगर कार्यपालिका सदस्य | भेरी न.पा. १ जाजरकोट | |
| १९ | श्री भद्रकला डाँगी | नगर कार्यपालिका सदस्य | भेरी न.पा. १० जाजरकोट | |
| २० | श्री मनकला नेपाली | नगर कार्यपालिका सदस्य | भेरी न.पा. ४ जाजरकोट | |
| २१ | श्री मिना पुन | नगर कार्यपालिका सदस्य | भेरी न.पा. २ जाजरकोट | |
| २२ | श्री रति नेपाली | नगर कार्यपालिका सदस्य | भेरी न.पा. ३ जाजरकोट | |
| २३ | श्री सृजना वि.क | नगर कार्यपालिका सदस्य | भेरी न.पा. ३ जाजरकोट | |

Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| २४ | डिल्लीराज वेल्वासे | सचिव (प्र. प्र. अधिकृत) | भेरी न.पा. जाजरकोट | |
| | | आमन्त्रित | | |
| २५ | दल वहादुर घर्ती | कार्यक्रम अधिकृत | भेरी नगरपालिका कार्यालय | |
| २६ | सुदीप सिंह सुनार | लेखा अधिकृत | भेरी नगरपालिका | |
| २६ | नवराज ~~भाटी~~ शर्मा | इन्जिनियर | भेरी नगरपालिका कार्यालय | |
| २७ | सूर्य प्रसाद लम्साल | सूचना प्रविधि अधिकृत | भेरी न.पा. | |
| २८ | डम्वर वहादुर बिष्ट | लेखापाल | | |
| २९ | उर्मिला शाह | ना.सु. | | |
| ३० | सनत दवाडी | ना.सु | भेरी नगरपालिका कार्यालय | |
| ३१ | श्री केदार वहादुर कार्की | खरिदार | भेरी न.पा. न.का. कार्यालय | |
| ३२ | | | | |
| ३३ | | | | |
| ३४ | | | | |
| ३५ | | | | |

निर्णय नं. १

आर्थिक वर्ष २०७५/०७६ को तेश्रो नगरसभाद्धारा अनुगमन भ्रमणका लागि रकम रु ८,००,०००/- बजेट विनियोजन गरिएकोमा यस नगरपालिकामा बहाल रहेका जनप्रतिनिधीहरुलाई यस अघि नै नगरपालिका घोषणा भई उत्कृष्ट कार्य सम्पादन गरेका नगरपालिकाहरुको कार्य सम्पादन अनुभव लिन तथा जनप्रतिनिधीहरुलाई छिमेकी मुलुक भारतका केही गाउँ तथा नगर पञ्चायतबाट जनहितमा सम्पादित कामहरुको अनुभव लिन अन्तरदेशिय तथा अन्तराष्ट्रिय भ्रमणमा कार्यपालिका पदाधिकारी सबै तथा नगरपालिकाका महत्वपूर्ण शाखाका शाखा प्रमुखलाई समेत सहभागी गराई मिति २०७५ असोज १२ गते देखि अनुगमन भ्रमण जाने र सो प्रयोजनका रकम रु ८,००,०००/- मात्र अपर्याप्त हुने भकाले थप रकम रु ४,००,०००/- गत वर्षको संचित कोषमा रहेको मौज्दात रकमबाट व्यहोर्ने गरी हाल ........................................................ लाई अनुमगन भ्रमण समाप्ती पछि पेश्की फछ्र्यौट हुने गरी पेश्की रकम रु १२,००,०००/- (अक्षेरुपी बाह्र लाख रुपैया मात्र) भुक्तानी दिई अनुगमन भ्रमण गर्ने गराउने निर्णय्र गरियो ।

Scanned by CamScanner

निर्णय नं.२

यस भेरी नगरपालिका भित्रका १३ वटै वडाहरुमा प्रति वडा एक आधारभुत विद्यालयमा Digital अध्ययन अध्यापन गराउने प्रयोजनको लागि Talking Teacher डिभाईस जडान गर्ने र सो को लागि आवश्यक वजेट गत वर्षको खर्च गर्न वाँकी मौज्दातवाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.३

यस नगरपालिका भित्रका कम्तिमा ३ वटा माध्यामिक विद्यालय र ४ वटा आधारभुत विद्यालयहरुमा तपशिलको मापदण्ड वमोजिम छनौट गर्ने गरि Teach for All Program लागु गर्ने र सो को लागि आवश्यक वजेट गत वर्षको खर्च गर्न वाँकी मौज्दातवाट विनियोजन गर्ने निर्णय गरियो ।

छनौटका आधारहरु :

क) विद्यालयमा रहेको शिक्षक दरवन्दी अनुसार शिक्षक अभाव रहेका विद्यालयहरु ।

ख) विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या ( संस्थाले तोकेको न्यूनतम् संख्या )

निर्णय नं.४

यस नगरपालिकाको चालु आर्थिक वर्ष (०७५।०७६) मा स्वीकृत योजना तथा कार्यक्रम र वजेट भित्र नपरेका तर तत्काल कार्यान्वयन गर्न आवश्यक रहेका तपशिलका योजना तथा कार्यक्रमहरु मध्य सम्पन्न भई भुक्तानी भएका योजना तथा कार्यक्रमको खर्च अनुमोदन तथा भुक्तानी दिन वाँकी योजना तथा कार्यक्रमहरुको गत वर्षको खर्च गर्न वाँकी मौज्दातवाट भुत्तानी दिन स्विकृत दिने निर्णय गरियो ।

<u>योजना तथा कार्यक्रम</u>

क) कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाको सम्वन्धनमा यस नगरपालिका भित्र स्थापना हुन गईरहेका हेल्थ असिस्टेन्ट, नर्सिङ्ग, ल्याव टेक्निसियन र फार्मेसी जस्ता प्राविधिक विषयहरुको अध्ययन अध्यापन शुरु गर्नका लागि सम्वन्धित काउन्सिलहरुको स्वीकृती लिन धरौटी राख्ने प्रयोजनका लागि यसै न.पा.का ना.सु. श्री कृति वहादुर थापालाई पेश्की दिएको रु १०००००। ( एक लाख )

ख) वर्षातका कारण जाजरकोटमा भएको क्षतिको सम्वन्धमा केन्द्रिय सरकार समक्ष डेलिकेशन जाने प्रयोजनका लागि जन प्रतिनिधीहरुको खाना, खाजा र आवास खर्च भुक्तानी दिएको विल वमोजिमको रकम रु १०५०००। ( एक लाख पाँच हजार )

ग) यस नगरपालिकामा हिन्दु नारीहरुको महानचाड हरितालिका तिज लगायत अन्य राष्ट्रिय पर्व तथा उत्सव कार्यक्रमहरु ( मानव वेचविखन विरुद्धको अन्तराष्ट्रिय दिवस र राष्ट्रिय वाल दिवस) आयोजना गर्दा लागेको खर्च रकम रु १०००००।

घ) भेरी नगरपालिका वडा न. १३ कुदुमा आयोजित भदौ १२ गते सम्पन्न मेला तथा खेलकुदको लागि यस नगरपालिकावाट प्रदान गरेको सहयोग रु ३००००। (तीस हजार )

Scanned by CamScanner

ङ) यस भेरी नगरपालिका वडा नं ३ र ४ को विभिन्न स्थानमा मिति २०७४।०३।३० मा जिल्ला प्रहरी कार्यालयको समन्वयमा मालिका सामुदायिक प्रहरीवाट सि.सि. टिभिको जडान कार्य सम्पन्न भएको र कन्ट्रोलरुम निर्माण कार्य सम्पन्न हुन बाँकी रहेकोमा मिति २०७५।०४।०१ देखि २०७५ भाद्र मसान्त सम्मका लागि म्याद थप गरी उक्त निर्माण कार्य सम्पन्न भई पेश भएको विल वमोजिमको रकम रु १५००००। ( एक लाख पचास हजार )

च) भेरी नगरपालिकाको वडा नं १ रिम्नामा निर्माण गरिएको स्वागतगेटको २०७५ श्रावण मसान्त सम्म म्याद थप र पहिलो रनिङ्ग विल भुक्तानीको अनुमोदन तथा उक्त गेट निर्माणमा स्वीकृत लागत अनुमान भन्दा २० प्रतिशत वढी खर्च भएको हुदाँ शंसोधित लागत अनुमान स्वीकृत गरि सोही वमोजिम कार्य सम्पन्न मुल्यांकनका आधारमा लागत शंसोधन सहितको अन्तिम मुल्यांकन रकमको भुक्तानी ।

छ) भेरी नगरपालिका वडा नं. १ को तल्लो भ्रो.पु. मा मोटरसाइकल आवतजावत गर्ने स्ल्याप निर्माण वापतको रकम रु.९९,०००। (अक्षरुपी उनान्सय हजार मात्र).

**निर्णय नं.५**

जाजरकोट डोल्पा सडक अर्न्तगत कालेगाउँ-ईउरी-जिरो प्वाईन्ट पासागाड सडक खण्डसम्म वर्षातका कारण वारम्वार पहिरो गई सडक अवरुद्ध भएको र सोही समयमा शान्ति चौतारा रिम्ना सडक समेत अवरुद्ध भएको हुदाँ यातायातका सवारी साधनहरु आवत जावतमा समस्या भएको र तत्काल शान्तिचौचारा रिम्ना सडक खण्ड संचालनमा आउन केही समय लाग्ने भएकाले तत्काल उक्त सडकको मर्मत सम्भार गरि यातायात सुचारु गर्नु पर्ने अवस्था आएको हुदाँ सो सडक खण्डको निर्माण कार्य सार्वजनिक खरिद ऐन २०६३ वमोजिम कोटेशन मार्फत भएको मर्मत कार्य अन्तिम मुल्यांकन प्रतिवेदन वमोजिम विपद व्यवस्थापन कोषबाट रु १३ लाख भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.६**

भेरी नगरपालिका अर्न्तगत रहेका जिल्ला अस्पताल, विभिन्न स्वास्थ्य चौकी र आयूर्वेद कार्यालहरुमा कार्यरत तपसिलमा उल्लेखित करार कर्मचारीहरुको म्याद मिति २०७५।०४।०१ देखि ०७५ असोज मसान्त सम्म (३ महिना) का लागि थप गर्ने निर्णय गरियो ।

तपशिल :

- सरस्वती शाह का.स. जिल्ला अस्पताल ( अस्पताल शसर्त अनुदान )
- पवित्रा डाँगी का.स. जिल्ला अस्पताल ( अस्पताल शसर्त अनुदान )
- पूर्ण वहादुर वि.क. का.स. जिल्ला अस्पताल ( अस्पताल शसर्त अनुदान )
- मान वहादुर शाही का.स. जिल्ला अस्पताल ( अस्पताल शसर्त अनुदान )
- प्रेम वहादुर वली का.स. जिल्ला अस्पताल ( अस्पताल शसर्त अनुदान )
- हजारी सिंह का.स. जिल्ला अस्पताल ( अस्पताल शसर्त अनुदान )
- सीमा सुनार का.स. जिल्ला अस्पताल ( अस्पताल शसर्त अनुदान )
- गोविन्द घर्ती का.स. जिल्ला अस्पताल ( अस्पताल शसर्त अनुदान )
- विपना वली अ.न.मी. जाजरकोट जिल्ला अस्पताल (परिवार स्वास्थ्य कार्यक्रम ) शसर्त अनुदान

Scanned by CamScanner

- सुमिलन शाह अ.न.मी. वाहुनथा स्वास्थ्य चौकी (परिवार स्वास्थ्य कार्यक्रम ) शसर्त अनुदान
- रन्जीता खड्का अ.न.मी. पुन्मा हे.पो. (परिवार स्वास्थ्य कार्यक्रम ) शसर्त अनुदान (हाल जिल्ला अस्पतालमा कार्यरत )
- सपना गिरी अ.न.मी. स्वा.चौ.कुदु (परिवार स्वास्थ्य कार्यक्रम ) शसर्त अनुदान
- शारदा वस्नेत अ.न.मी. स्वा.चौ. जगतीपुर , भाद्र मसान्त सम्मको आश्विन १ गते देखि राजिनामा
- कौशिला राना अ.न.मी. स्वा.चौ. भुर ( परिवार स्वास्थय श्रोतवाट त.भ.)
- रत्ना खड्का अ.न.मी. वाहुनथाना स्वा.चौ. ( नगरपालिका श्रोत )
- सुनिल शाह कम्प्युटर अपरेटर जिल्ला स्वास्थ्य कार्यालय र नगरपालिकामा कार्यरत, शसर्त अनुदान
- राजेन्द्र जंग शाह हे.अ. जिल्ला अस्पताल शसर्त अनुदान
- हरीकला सिंह ल्या.टे. जिल्ला अस्पताल शसर्त अनुदान
- कालिका शर्मा का.स. स्वास्थ्य चौकी भुर शसर्त अनुदान
- भीम वहादुर शाही का.स. स्वास्थ्य चौकी पुन्मा शसर्त अनुदान
- जगत वहादुर खड्का का.स.. वाहुनथाना स्वा.चौ.( नगरपालिका श्रोत )
- सपना ज्ञवाली सामाजिक स्वा. प्रर्वधक स्वास्थ्य चौकी भुर ( ६०००) शसर्त अनुदान
- नरेश वटाला सा.स्वा. प्रवर्धक स्वास्थ्य चौकी कुदु ( ६०००) शसर्त अनुदान
- लाल बहादुर नाथ का.स. आयूर्वेद कार्यालय शसर्त अनुदान
- मान वहादुर वली का.स. जिल्ला अस्पताल, ( २०७५ भाद्र मसान्त सम्म ) असोज १ देखि राजिनामा दिएको सशर्त अनुदान
- बिजया चन्द का.स. जिल्ला अस्पताल (२०७५ भाद्र ११ गते सम्म) भाद्र १२ देखि राजिनामा

**निर्णय नं.७**

कुदु लिफ्ट खानेपानी आयोजनाको डि.पि.आर. भई हाल सम्म उक्त डि.पि.आर.को रकम भुक्तानी नभएको हुदाँ डि.पि.आर. वापतको रु.४,५०,०००। (अक्षरुपी चार लाख पचास हजार) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.८**

चालु आ.व. ०७५।०७६ सम्ममा तपसिलमा उल्लेखित योजनाहरुको डि.पि.आर. तयार गर्ने निर्णय गरियो ।

- भूरचौर लिफ्ट खानेपानी योजना
- कटीगाउँ-खोदागाउँ-कार्कीगाउँ-महतारागाउँ र फेरा सम्मको खानेपानी योजना
- फेरादेखि घाग्रेसम्म तटवन्धन योजना
- भेरीनगर रिङ्गरोड योजना

**निर्णय नं.९**

आ.व.०७५/०७६ मा न.पा. आर्थिक सहायता सम्वन्धि कार्यविधि २०७४ वमोजिम आर्थिक सहायता वितरणका लागि गत आ.व.को खर्च नभै वाँकी हुन आएको मौज्दात रकमबाट आर्थिक सहायता कोषमा रु.६,००,०००। ( अक्षरुपी छ लाख रुपैयाँ) विनियोजन निर्णय गरियो ।

Scanned by CamScanner

**तपसिल**

- कालेगाउँ देखि रिम्ना सडक खण्ड
- बोहरामोड देखि काफलचौर-गंगटिया स्वास्थ्य चौकि सडक खण्ड
- भुरचौर-स्याउली सडक खण्ड
- फेरा-महतरागाउँ देखि कार्किगाउँ वडा कार्यालय सम्मको सडक खण्ड
- पल्सेनी देखि वाल्यतरा सडक खण्ड
- शान्ति चौतरा देखि पाँचकाटिया सडक मर्मत
- जगतिपुर-काफलचौर हुँदै मछाइना सडक खण्ड

**निर्णय नं.१५**

भेरी नगरपालिका नगरकार्यपालिकाका सदस्यहरु सहित नगर प्रमुखको संयोजकत्वमा कर्णाली प्रदेशका मन्त्रालयहरुमा नगरका विभिन्न समस्याहरुका विषयमा ध्यानाकर्षण गराउन डेलिकेशन जाने निर्णय गरियो ।

**निर्णय नं.१६**

ठाँटी देखि फुलबारी जाने गोरेटो बाटो वर्षातको कारण ठाउँ-ठाउँमा पहिरो गई अवरुद्ध भएकाले आवागमनमा निकै कठिनाई भएको हुदाँ उक्त बाटो मर्मतकालागि रु.५०,०००। (अक्षरुपी पचास हजार मात्र) गर्त वर्षको मौज्दात रकमबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १७**

यस नगरपालिका अर्न्तगत संचालित वहुक्षेत्रिय पोषण कार्यक्रम ( MSNP) को पोषण स्वयम सेवक पदमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) मा कार्यरत भै आएका तर अषाढ मसान्तमा म्याद समाप्त भई अवकास भएका सामाजिक परिचालक भे.न.पा. १० निबासी श्री लक्ष्मी घर्तीलाई उल्लेखित पोषण स्वयम सेवक पदमा वहुक्षेत्रिय पोषण कार्यक्रम ( MSNP) छनौट निर्देशिका वमोजिम मिति २०७५।६।१ देखि लागुहुने गरी करार नियुक्ति दिने निर्णय गरियो ।

**निर्णय नं. १८.**

भेरी नगरपालिका वडा नं ४ को जनक पुस्तकालय देखि सृजना टोलसम्मको सडक निर्माण कार्यमा आ.व. ०७४।०७५ मा विनियोजित रकम भन्दा बढी काम गरेको भनि प्राप्त मुल्यांकनका आधारमा बढी हुन आएको रकम रु ४१००००। ( अक्षरुपी चार लाख दश हजार रुपैया ) भुक्तानीका लागि आवश्यक कागजात सहित फायल पेश भएकोमा उल्लेखित रकम सो बाटो निर्माण उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं.१०

यस नगरपालिकाले पहिचान गर्ने अत्यावश्यक क्षेत्रमा ५० (पचास) वटा सौर्य सडक बत्ती राख्नको लागि नगरपालिकाले ३०% व्यहोरी बाँकी रकम संघ र प्रदेश सरकारसँग माग गर्ने निर्णय गरियो ।

निर्णय नं.११.

भेरी नगरपालिकाको वडा नं.३ को थाप्लेचौरमा प्रहरी बिट निर्माण गर्न रु.५०,०००। (अक्षरुपी पचास हजार) र वडा नं. ४ को बसपार्कमा रहेको ट्राफिक पोष्ट निमार्ण गर्न रु.५०,०००। (अक्षरुपी पचास हजार) गत वर्षको मौज्दात रकमबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१२

यस नगरपालिकाको क्षेत्रभित्र कार्यक्रम संचालन गर्न अनुमति माग गरेका अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरु पिस्कोर नेपाल र सेफ द चिल्ड्रेनलाई कार्यक्रम संचालन अनुमति प्रदानगर्ने निर्णय गरियो ।

निर्णय नं.१३

भेरी नगरपालिका क्षेत्रभित्र गएको वर्षातको समयमा बिभिन्न स्थानहरुमा भएको क्षतिको विवरण संकलन, क्षतिको कारण, असर र सुझावका लागि २(दुई) महिनाभित्र स्थलगत अध्ययन गरि प्रतिवेदन पेश गर्ने गरी निम्नानुसारको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल

उप-प्रमुख श्री भावना भण्डारी -संयोजक

वडाअध्यक्ष श्री लिलाबहादुर शाह ३ नं. वडा कार्यालय -सदस्य

वडाअध्यक्ष श्री खम्वजंग शाह ४ नं. वडा कार्यालय -सदस्य

वडाअध्यक्ष श्री दिपक राना १ नं. वडा कार्यालय -सदस्य

इन्जिनियर श्री नवराज शर्मा भे.न.पा. -सदस्य सचिव

निर्णय नं.१४

यस वर्षको वर्षातले नगरपालिका क्षेत्र भित्रका सडकहरु क्षती भई यातायातका साधनहरु संचालनमा आउन नसकी दैनिक जनजिवनमा असर परको हुदाँ तत्काल तपशिलका सडकहरु मर्मत सम्भार गरि वडादशैं अगावै यातायातका साधनहरु सुचारु गर्ने निर्णय गरियो ।

Scanned by CamScanner